म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ४१ मंगलबार, २४ भदौ २०८२ ने. सं. ११४५ ञललगा 9 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जनकल्याणको वक्तृत्वकलामा सुनगाभाकी न्यौपाने प्रथम

हेटौंडा, २३ भदौ/संस्थाको ३० औं स्थापना दिवसको अवसरमा हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा सुनगाभा शिक्षानिकेतन चौघडाकी दिव्यानी न्यौपाने प्रथम भएकी छिन् । मर्यादित सहकारी समुन्नत समाज विषयक प्रतियोगितामा बालज्योति मावि हेटौंडा-५ कि अर्चना ठाडामगर द्वितीय, जनप्रिय मावि हेटौंडा-१६ कि एरपना चौलागाई तृतीय र सिद्धार्थ मावि हेटौंडा-२ कि कृतिका मगरले सान्त्वना पुरस्कार प्राप्त गरेकी छिन् । प्रथम हुनेले नगद ५ हजार र प्रमाणपत्र, द्वितीय हुनेले नगद ३ हजार र प्रमाणपत्र, तृतीय हुनेले नगद २ हजार र प्रमाणपत्र र सान्त्वना हुनेले नगद १ हजार र प्रमाणपत्र प्राप्त गरे । संस्थापक अध्यक्ष बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । प्रतियोगितामा संस्था अध्यक्ष पौडेल, सचिव रोमबहादुर न्यौपाने, कोषाध्यक्ष चेतनाथ खतिवडाले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने ९ वटा विद्यालयले भाग लिएका थिए ।

### जेन-जी युवाले गरेको प्रदर्शनका क्रममा हालसम्म १९ जनाको मृत्यु

# गृहमन्त्रीले दिए राजीनामा, सरकारले बनायो छानबीन समिति

साझाकुरा संवाददाता



हेटौंडा, २३ भदौ/जेन-जी युवाले गरेको प्रदर्शनका क्रममा सोमबार १९ जनाको मृत्यु भएको छ । देशभर विभिन्न अस्पतालमा ३ सय ४७ जना घाइते उपचाररत छन् ।

काठमाडौंको सिभिल अस्पतालमा ३, राष्ट्रिय ट्रमा सेन्टरमा ८, एभरेष्ट अस्पतालमा ३, केएमसी अस्पतालमा २, त्रिवि शिक्षण अस्पतालमा १, विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । सामजिक सञ्जाल बन्द र शासकीय व्यवस्थाको विरोधमा सोमबार काठमाडौंसहित देशका विभिन्न जिल्लामा जेन-जी युवा सडक प्रदर्शनमा उत्रिएका हुन् । काठमाडौंमा निषेधाज्ञा जारी हुँदापनि प्रदर्शनकारीले सडक छाडेका थिएनन् । संघीय संसद भवनमा प्रदर्शनकारी प्रवेश गर्न थालेपछि बानेश्वरक्षेत्रमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गर्दा मृतक र घाइतेको संख्या लगातार बढिरहेको छ । पोखरा, झापा, मोरङलगायत सहरमा पनि प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको छ ।

जेन-जीहरु सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भ्रष्ट्राचारको विरोधमा प्रदर्शनमा उत्रिएका हुन् । सन् १९९७ देखि सन् २०१२ सम्म जन्मिएकाहरुलाई जेन-जी पुस्ता भनिन्छ । जेन-जी पुस्ता इन्टरनेटको विकाससँगै हुर्किएका हुन् । विश्वव्यापीकरणको प्रभावले यो पुस्ता धेरै परिवर्तनबारेमा जानकार रहेपनि नेपालमा परम्परागत शासकका कारण रुष्ट छन् । यिनीहरुले सामाजिक सञ्जालको भित्तामा आन्दोलन गर्दै आएकामा सरकारले सामाजिक सञ्जाल बन्द गरेपछि सडकमा आएका हुन् ।

**गृहमन्त्रीले दिए राजीनामा**

यसैबीच गृहमन्त्री रमेश लेखकले पदबाट राजीनामा दिएका छन् । बालुवाटारमा सोमबार साँझ बसेको मन्त्रिपरिषद बैठकमा पुगेर उनले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राजीनामा दिएका हुन् । लेखकलाई पदबाट राजीनामा दिन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले सोमबार साँझ बूढानीलकण्ठमा बसेको पार्टी बैठकमा आग्रह गरेका थिए । बैठकमा लेखकले आजको घटनाबाट आफू दु:खी रहेको र नैतिकताका आधारमा राजीनामा दिने बताएका थिए । लगत्तै उनी बालुवाटार पुगेर पदबाट राजीनामा दिएका हुन् ।

घटनाबारे सरकारले छानबीन समिति बनाउने निर्णय गरेको छ । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले छानबीन समिति बनाउने निर्णय गरेको हो । समितिले १५ दिनभित्र घटनाको छानबीन गरी सरकारलाई प्रतिवेदन बुझाउने टिओआर तय भएको छ ।

**सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको देखियोः मानवअधिकार आयोग**

राष्ट्रिय मानवअधिकार आयोगले युवाको प्रदर्शन तोडफोड र आगजनीमा बदलिएपछि सुरक्षा निकायले अत्यधिक बल प्रयोग गरेको जनाएको छ ।

आयोगले विज्ञप्ति जारी गरी लोकतान्त्रिक सरकारले नागरिकको उचित आवाजलाई समयमै पहिचान गर्नुपर्ने औंल्याएको हो । उसले सुरक्षा निकायले अत्यधिक बल प्रयोग गर्नुलाई 'दु:खद' भन्ने बाहेक अरु टिप्पणी गरेको छैन । प्रदर्शनपूर्व उच्चसुरक्षा व्यवस्था तयार गरी थप क्षति हुन नदिन र प्रदर्शनमा अत्यधिक बल प्रयोग नगर्न सुझाव दिएको मानवअधिकार आयोग आन्दोलनको दमनका विषयमा थप टिप्पणी गर्नुभन्दा 'मृतकका परिवार लाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन' केन्द्रित बनेको छ ।

आन्दोलनको पूर्वसंकेत पाइसकेको आयोग जनधनको क्षति हुने घटना भइसकेपछि समेत मौन थियो । प्रदर्शन र मानवअधिकार उल्लंघनका घटनाको सघन अनुगमनको नेतृत्व गर्नुपर्ने आयोगका अध्यक्ष तपबहादुर मगर आफैं दिनभर भाषा आयोगको गोष्ठीमा व्यस्त थिए । चौतर्फीरुपमा आयोगको मौनतामाथि प्रश्न उठेपछि आयोगले विज्ञप्ति निकालेको हो ।

मानवअधिकारवादी संस्थाहरुले जेन-जीको प्रदर्शनमा प्रहरीले अन्धाधुन्ध घातक बल प्रयोग भएको भन्दै घोर निन्दा गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री र गृहमन्त्रीले तत्काल राजीनामा दिन मानवअधिकारकर्मीहरुको सञ्जाल जवाफदेहिता निगरानी समितिले माग गरेको छ । घटनाको स्वतन्त्र छानवीन र जेन-जीका माग तत्काल सम्बोधनका लागि जोडदार माग गरिएको छ । समितिले विज्ञप्ति जारी गर्दै भ्रष्टाचार र सामाजिक सञ्जालको प्रतिबन्धविरुद्ध जेन-जीको प्रदर्शनमा प्रहरीले अत्यधिक, अन्धाधुन्ध र असमानुपातिक घातक बल प्रयोग गरेका कारण १९ प्रदर्शनकारीको मृत्यु भएको भनेको छ ।

सामाजिक, आर्थिक, मनोवैज्ञानिक, शैक्षिक लगायतका आयाममा युवा पुस्तामा पर्न सक्ने प्रतिकूल प्रभावप्रति पूर्णत: बेवास्ता गरी हठात् सामाजिक सञ्जाल बन्द गर्ने, त्यसको चौतर्फी विरोध हुँदासमेत पुनर्विचार गर्न तयार नहुने, उल्टो प्रधानमन्त्री तथा मन्त्रीका हठपूर्ण अभिव्यक्ति सार्वजनिक भइरहने कार्यका कारण घटना भएको निगरानीको ठहर छ ।

**रास्वपाले गऱ्यो अर्ली चुनावको माग**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अर्ली चुनावको माग गरेको छ । वर्तमान सरकार बर्खास्त गरी ताजा जनादेशमा जानुपर्ने रास्वपाको माग छ ।

जेनजीको प्रदर्शनमा प्रहरीले दमन गरेपछि त्यसबारे निर्णय लिन बसेको रास्वपाको सचिवालय बैठकले वर्तमान सरकारको औचित्य पूर्णत: समाप्त भएको निष्कर्ष निकालेको छ । रास्वपाले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग्दै घटनाको छानवीन गर्न उच्चस्तरीय न्यायिक छानवीन आयोग गठन गर्न पनि माग गरेको छ । कांग्रेस र एमालेको वर्तमान सरकार राष्ट्रिय मुद्दाको हल निकाल्न असमर्थ भई वैधता गुमाएको निष्कर्षसहित ताजा जनादेश जानुपर्ने माग रास्वपाले गरेको छ ।

### हेटौंडामा जेन-जीको प्रदर्शन शान्तिपूर्ण

# गगन थापा आउने कार्यक्रम स्थगित

साझाकुरा संवाददाता




हेटौंडा, २३ भदौ/भ्रष्ट्राचार र सामाजिक सञ्जाल माथिको प्रतिबन्धको विरोधमा सोमबार हेटौंडामा पनि २८ वर्ष मुनिका जेन-जी युवाको समूहले प्रदर्शन गरेका छन् ।

स्वत:स्फूर्तरुपमा सडकमा उत्रिएका युवाको प्रदर्शन मकवानपुरमा शान्तिपूर्ण रह्यो । हेटौंडा उपमहानगरपालिका कार्यालयबाट सुरु भएको विरोध ऱ्याली सानोपोखरा, बुद्धचोक हुँदै बागमती प्रदेशसभा भवन परिसरसम्म पुगेको थियो । प्रदेशसभा भवन परिसरमा कोणसभामा परिणत भएको ऱ्यालीमा युवाले सामाजिक सञ्जाल बन्द, भ्रष्टाचार खुला र हामी बोल्न चाहन्छौं, सरकारले सुन जस्ता नारा लगाएका थिए । प्रदर्शनकारीले भ्रष्टाचार अन्त्य, करको रकमको सही उपयोग, स्वदेशमै रोजगारी सिर्जना हुनुपर्ने, सामाजिक सञ्जालमा लगाइएका प्रतिबन्धविरुद्ध जोडदार आवाज उठाएका थिए ।

युवा प्रदर्शनलाई लक्षित गरी हेटौंडाको सुरक्षा व्यवस्था कडा बनाइएको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले प्रदर्शन शान्तिपूर्ण रहेको र कुनै अप्रिय घटना नभएको जानकारी दिए । हेटौंडा उपमहानगर पालिका केन्द्रित प्रदर्शनमा हजारौं युवाको सहभागिता थियो । प्रदर्शनका क्रममा, युवाले हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामासँग भेटघाट गरेका थिए । उनीहरुले तीनै तहका सरकारले गरिब जनताका लागि प्रभावकारी कार्य नगरेको र नेताका छोराछोरीको आलिसान जीवनशैलीप्रति कडा विरोध जनाएका थिए । नगरप्रमुख लामाले सोमबार बिहान सामाजिक सञ्जालमा सामग्री राख्दै जेनजी पुस्ताका माग जायज रहेको बताएकी छिन् ।

**गगन थापा हेटौंडा आउने कार्यक्रम स्थगित**

यसैबीच नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा हेटौंडा आउने कार्यक्रम स्थगित भएको छ । १ सय १२ औं वीपी जयन्तीको अवसरमा नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर-१ 'ख' ले आयोजना गर्ने भेलालाई सम्बोधन गर्न थापा आज मंगलबार हेटौंडा आउन लागेका थिए । तर, विशेष कारण भन्दै कार्यक्रम स्थगित गरिएको मकवानपुरको प्रदेशसभा क्षेत्र नम्बर १ 'ख' सभापति राजेश बानियाँले जानकारी दिए ।

# थाहाको पालुङमा मनाइयो इन्द्रजात्रा

साझाकुरा संवाददाता



हेटौंडा, २३ भदौ/मकवानपुर थाहानगरको पालुङ उपत्यकामा लाग्ने इन्द्रजात्रा पर्व मनाइएको छ । वर्षेनी काठमाडौंमा इन्द्रजात्रा मनाइएको भोलिपल्ट थाहा नगरपालिकाको पालुङमा जात्रा मनाइने चलन भएपनि यसवर्ष काठमाडौंमा मनाइएकै दिन भदौ २१ मा यो पर्व मनाइएको हो ।

भदौ २२ गते चन्द्रग्रहण परेकाले पालुङमा २१ गते नै इन्द्रजात्रा मनाइएको हो । पालुङमा मनाइएको इन्द्रजात्रा बागमती प्रदेश सांसद कुमारी मोक्तान, थाहा नगर प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपालीलगायत जनप्रतिनिधिले अवलोकन गरे । जात्रामा प्रमुखअतिथि समेत रहेकी सांसद मोक्तानले सामाजिक परम्परा पनि सम्पत्ती भएकोले यसको संरक्षण गर्न आवश्यक रहेको बताइन् । 'अन्य देशमा संस्कृति र सम्पदालाई बडो महत्वकासास संरक्षण गरिन्छ, सरकार त्यसको पहरेदारको रुपमा रहन्छ तर, हाम्रो पालुङका समुदायले संरक्षण गरेको संस्कृति र सम्पदा प्रशंसनीय छ' सांसद मोक्तानले भनिन-'पालुङमा रहेको तलेजुको ऐतिहासिकतालाई सबैले संरक्षण र प्रचार गर्नु आवश्यक छ ।'

थाहा नगरप्रमुख विष्टले थाहानगर विभिन्न जातजाति र भाषाभाषीको नगर भएको बताए । 'जति भाषाभाषी, जातजाति छन् उत्तिनै साँस्कृतिक दृष्टिकोणले हामी धनी छौं, यसको संरक्षणमा पालिकाले गर्दै आएको सहयोगलाई निरन्तरता दिन्छौं' प्रमुख विष्टले भने । सहभागीले पालुङमा वर्षेनी मनाइने इन्द्रजात्रा संरक्षण गरी उत्सवकै रुपमा मनाउन अनुरोध गरेका थिए । उनीहरुले समुदायले गर्दै आएको संस्कृति संरक्षणको सवाललाई खुलेरै प्रशंसा गरेका थिए । थाहा नगरका प्रमुख प्रशासकीयअधिकृत सुरेन्द्र प्रधान, थाहा-२ का वडाध्यक्ष बमबहादुर सिन्तान, इन्द्रायणी कालाभैरब गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठ, नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष अरुण रायमाझी लगायतको आतिथ्यता रहेको थियो ।

यसवर्ष पालुङमा परम्परागत नेवारी बजागाजासहित 'ब्याण्ड बाजा' बजाएर मनोरञ्जन गराएका थिए । जात्रामा स्थानीयसहित भक्तजन तथा दर्शकको उपस्थिति थियो । पहिले स्थानीयको मात्र सहभागितामा लाग्ने जात्रा अहिले अन्य समुदाय र स्थानका व्यक्तिका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । पालुङमा लाग्ने इन्द्रजात्राको अवसरमा भैरबको मुखबाट छ्याङ निकाल्ने परम्परा छ । थाहानगर-२ को पालुङमा लाग्ने इन्द्रजात्राको अवसरमा पालुङमा भैरबको मुखबाट छ्याङ निकाल्ने परम्परा भित्र्याइएको हो ।

पालुङ नेवा संस्कृति सम्पदा संरक्षण गुठीको व्यवस्थापनमा वर्षेनी लाग्ने इन्द्रजात्रामा यसपालिबाट यो चलनको सुरु गरिएको स्थानीय रमन श्रेष्ठले जानकारी दिए । यसपालिबाट भैरबकै मुखबाट छ्याङ निकाल्ने चलनको सुरु गरिएको हो । भैरबको प्रसादको रुपमा अघिल्लो वर्षसम्म छ्याङ छर्किने मात्र गर्ने गरिएको थियो । यसपालि भैरबको मुखबाटै छ्याङ निकालेर प्रसाद बाँड्न भिन्दै मुकुटको व्यवस्था गरिएको थियो । पालुङको लामपाटी अघि राखिएको मुकुटबाट छ्याङ प्रसाद बाँडिएको हो ।

इतिहासअनुसार पहिलेपहिले राजाहरुले मृत्यु भएका नागरिकलाई तर्पण दिन भैरवको मुखबाट छ्याङ दिएका थिए । पहिले पालुङ पनि भिन्दै राज्य भएको कारण यो छ्याङलाई प्रसादको रुपमा बाँड्ने चलन बसेको हुन सक्ने स्थानीय निरोज प्रधानको प्रतिक्रिया छ । छ्याङसँगै पालुङको डबली (साँस्कृतिकग्राम) परिसरमा जात्रामा पुगेकाहरुलाई समयवजी लगायतका प्रसाद पनि वितरण गरिएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# समाज कता जाँदैछ ?

मुलुकमा ब्याप्त भ्रष्ट्राचारको बिरोध गर्न उत्रिएका युवालाई सरकारले तातो गोली उपहार दियो । एकातिर युवा पुस्तालाई स्वदेशमा कसरी टिकाउने भनने बहस भइरहेको समयमा सरकारको यो कदमले युवापुस्तामा थप निराशा पैदा गराएको छ । सोमबार जेनजी युवाको प्रदर्शनका क्रममा भएको झडपमा मृत्यु हुनेको संख्या साँझसम्म १९ पुगेको छ । यो संख्या बढ्न सक्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका विभिन्न अस्पतालबाट लिएको विवरण अनुसार, मृतकको संख्या १९ पुगेको हो । देशभर विभिन्न अस्पतालमा ३ सय ४७ जना घाइते उपचाररत छन् तिनीहरुमध्य पनि कतिपय घाइते गंभीर अवस्थाका छन् । बिगतका दिनमा हुने गरेका आन्दोलनमा प्रहरीले लाठीचार्ज र पानीको फोहराले आन्दोलनकारी भगाउने कार्य गर्दथ्यो । त्यो भन्दा थप दवाब बढेको खण्डमा टियरग्यासको प्रयोग गर्दथ्यो । त्यसपछि पनि भीड नियन्त्रणमा आएन भने हवाइ फायर गर्ने र यो भन्दा अगाडि जानु पर्ने अवस्था आयो भने आन्दोलनकारीको घुँडा भन्दा मुनी लाग्ने गरी गोली चलाउने गरेको थियो । तर, आजको आन्दालनमा प्रहरीले सीधा टाउको ताकेर गोली प्रहार गरेको अवस्था छ ।

युवाको शान्तिपूर्ण आन्दोलन भड्काउन मलजल गर्ने पक्ष कुन थियो त्यो विषयमा खासै चासो देखाइएन वा जरुरी ठानिएन । सीधा आन्दोलनकारीको टाउको र छातीमा तातो गोली ठोक्ने आदेश कसले र किन दियो ? यो अराजकता कहाँबाट सुरु भयो ? युवाले देश सुधारगर्न खोज्ने विषय बेठीक पक्कै थिएन । भ्रष्टाचार, वेथिति र सामाजिक सञ्जाल बन्दको विरोधमा जेनजीले गरेको प्रदर्शनको समाचार संकलनमा खटिएका बेला प्रहरीले चलाएको गोली लागेर चारजना पत्रकार घाइते भएको र थाहाखबरको भवनमा आन्दोलनकारीले ढुंगामुढा गरेको घटनाप्रति नेपाल पत्रकार महासंघले निन्दा र भर्त्सना गरेको छ । साँझ प्रदर्शनकारीले थाहाखबरको कार्यालय माइतीघर पारीबाट ढुंगा हान्दा आधादर्जन झ्यालका सिसा फुटेका छन् । महासंघका महासचिव रामप्रसाद दाहालले विज्ञप्ति जारी गरी महासंघले सामाजिक सञ्जाल नियन्त्रणबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लाग्ने भएकाले तत्काल निर्णय फिर्ता लिन सरकारसमक्ष माग राखेकामा सरकारले महासंघलगायत सरोकारवाला पक्षको आवाज नसुनेका कारण पछिल्लो परिस्थिति निर्माण हुन पुगेको उल्लेख गरेको छ । घाइते चारजना पत्रकारको काठमाडौंको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । नयाँबानेश्वरमा सोमवार भएको प्रदर्शनका क्रममा निषेधितक्षेत्र तोड्दै आन्दोलनकारी संसद भवन प्रवेशगर्न खोजेपछि प्रहरीले अत्याधिक बल प्रयोग गरी गोली चलाएको मानवअधिकार आयोगले जनाएको छ । पत्रकारसहित आन्दोलनकारीलाई गोली लागेको थियो ।

प्रहरीको गोली लागेर १९ जनाको मृत्यु भएको छ । पत्रकारका साथै ३४७ आन्दोलनकारी र ३८ जना प्रहरी घाइते भएका छन् । महासंघले आन्दोलनको क्रममा ज्यान गुमाउने प्रर्दशनकारीको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ । सामाजिक सञ्जालमाथिको नियन्त्रण हटाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न र आन्दोलनलाई हिंस्रक बन्न नदिन महासंघले सरकारसँग माग गरेको छ । युवा प्रदर्शनलाई लक्षित गरी हेटौंडाको सुरक्षा व्यवस्था कडा बनाइएको कारण हेटौंडामा भने शान्तिपूर्ण देखियो । जेनजी युवा आन्दोलनका कारण नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा हेटौंडा आउने कार्यक्रम स्थगित भएको छ । १ सय १२ औं वीपी जयन्तीको अवसरमा नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर-१ 'ख' ले आयोजना गर्ने भेलालाई सम्बोधन गर्न थापा आज मंगलबार हेटौंडा आउने कार्यक्रम तय भएको थियो । विशेष कारण भन्दै कार्यक्रम स्थगित गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ २५ गते बुधबार १० सेप्टेम्बर २०२५ । तृतीया, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:४७ सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक काममा रुचि बढ्नेछ | **तुला** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **वृष** | : यात्रामा कष्ट मिल्नेछ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : त्रासमय दिन हुनेछ | **धनु** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **कर्कट** | : खानपिन राम्रो हुनेछ | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : कामबाट फुर्सद मिल्नेछ |

# साक्षरतामा कृत्रिम बौद्धिकता



डा. बलराम तिमल्सिना

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले सन् १९६७ देखि ८ सेप्टेम्बरलाई अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउँदै आएका छन् । यस वर्ष 'डिजिटल युगमा साक्षरताको प्रवर्धन' नारा साथ यो दिवस मनाइँदै छ । युनेस्कोका अनुसार शिक्षा मानिसको आधारभूत मानव अधिकार हो र साक्षरता आजीवन प्रक्रिया । यो प्रक्रियाले पढाइ, लेखाइ, गणितीय र जीपनोपयोगी सीप हासिल गर्दै व्यक्तिलाई आवश्यक सूचना प्राप्त गर्न सहयोग गर्छ । जुन व्यक्ति साक्षर हुन्छ, उसले अरुको भाषा, संस्कृति, धर्म, रीतिरिवाजका साथै अरुको पहिचानको सम्मान र मर्यादा गर्छ । जस कारण समाजमा शान्ति-सुरक्षाका साथै एकापसमा समझदारी कायम हुन्छ । समग्रमा समाज, देश र विश्वमा शान्तिको सुनिश्चितता हुन्छ ।

सूचना र प्रविधिको क्षेत्रमा कृत्रिम बौद्धिकताको विकास र प्रयोगले साक्षर बनाउने र बन्ने प्रक्रियामा आमूल परिवर्तन ल्याइदियो । कृत्रिम बौद्धिकताको विकास र जीवनको समग्र पक्षमा यसको सघन प्रयोगका कारण सूचना-प्रविधि मानव विकासको एक अभिन्न अङ्ग भइसकेको छ । खासगरी च्याट जीपीटी, माइक्रोसफ्ट कोपिलट, क्लाउड, मेटा एआई, जेमिनी, डिपसिकजस्ता कृत्रिम बौद्धिकताका साधनहरूमा मानिसको निर्भरता बढ्दै गएको छ । औपचारिक शिक्षामा त कृत्रिम बौद्धिकताको प्रयोग पाठ्यक्रम र पाठ्यसामग्री निर्माणदेखि अध्ययन अध्यापन, परीक्षा, शैक्षिक प्रशासन आदिसम्म घनीभूत रूपमा हुन थालिसकेको छ । अनौपचारिक तथा अरीतिक शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोगको चर्चा कम भएको सन्दर्भमा साक्षरता अभिवृद्धि कार्यक्रममा यसको प्रयोग कसरी गर्न सकिन्छ ? यसको प्रयोगका फाइदा र चुनौती के छन् र सरकारले निभाउनुपर्ने भूमिका के हो ? आदि विषयको सेरोफेरोमा रहेर यो लेख तयार गरिएको छ ।

कृत्रिम बौद्धिकताको विकासले साक्षरतासम्बन्धी हालका पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइका विधि र प्रक्रिया तथा सहजकर्ताको परम्परागत भूमिका असान्दर्भिक र अप्रासंगिक हुन थालिसकेका छन् । बहुआयामिक क्षमताका कारण कृत्रिम बौद्धिकता अब साक्षरता कार्यक्रमको सहायक प्रविधि मात्र नभएर निर्णायक पक्ष भइसकेको जस्तो देखिन्छ । अबको साक्षरता कक्षा परम्परागत रूपमा अक्षर र अङ्क चिनाउने, आय-आर्जनका सीप सिकाउने, वित्तीय साक्षरता प्रदान गर्नेमा मात्र सीमित भएर पुग्दैनह कृत्रिम बौद्धिकताले सम्पूर्ण क्षेत्रमा जबर्जस्ती प्रभाव जमाइरहेको अवस्थामा यसको प्रयोग साक्षरताको अभिवृद्धिमा पनि जरुरी भइसक्यो । एक हप्ताअगाडि मैले सुनेको एक उदाहरण हेरौँ :

म प्राय: शनिबार एकजना भाइको पसलमा चिया पिउन जान्छु । उक्त पसलमा हामीमध्येकै एक साथीले पसले भाइलाई फेसबुकमा विषयवस्तु लेख्न लगाएर पोस्ट गर्नुहुन्छ । यो क्रम पछिल्ला केही वर्षदेखि चल्दै आएको थियो तर गएको साता जब उहाँले विषयवस्तु लेखाउन लाग्नुभयो, उक्त पसलकी साहुनीले भनिन्– ह्या ड्याडी पनि अब त हजुर बोल्नुहोस् एआईले लेखिदिन्छ, किन अरुलाई भनिरहनुपर्‍यो ! साहुनीले विद्यालय शिक्षा पूरा गरेजस्तो लाग्दैन मलाई तर उनले विश्वविद्यालयका अनेकौँ प्रमाणपत्र हासिल गरेको व्यक्तिलाई कृत्रिम बौद्धिकताका बारेमा पढाइन् । मैले उनलाई जिस्क्याएँ पनि, कान्छी एआई भन्या के हो भन न ? उनी खिस्स हाँस्दै म नपढेको मान्छेलाई जिस्काउने दाइ भन्दै अर्को कोठातिर गइन् । यो सन्दर्भले अबको साक्षरता कार्यक्रमको स्पष्ट दिशानिर्देश गरेजस्तो लाग्छ मलाई ।

### तथ्याङ्कमा साक्षरता

यस वर्ष मनाइने अन्तर्राष्ट्रिय साक्षरता दिवसको सन्दर्भमा युनेस्कोले प्रकाशित गरेको अवधारणा पत्रका अनुसार आजभन्दा ५० वर्षअगाडि २५ प्रतिशतभन्दा बढी १५ देखि २४ वर्ष उमेर समूहका युवा लेख्न-पढ्न सक्दैनथे । आज ९३ प्रतिशतभन्दा बढी यो उमेर समूहका युवा पढलेख गर्न सक्छन्, यद्यपि आज विश्वमा ७३ करोड ९० लाख मानिस निरक्षर छन् । विश्व बैङ्कको तथ्याङ्क अनुसार विश्वमा १५ वर्षमाथिको ८७ प्रतिशत जनसंख्या साक्षर छ । युरोप, पूर्वी एसिया र प्यासिफिक तथा उत्तर अमेरिकी देशमा साक्षरता करिब सय प्रतिशत नजिक छ भने दक्षिण सुडान, माली, अफगानिस्तानजस्ता देशको साक्षरता दर ४० प्रतिशतभन्दा कम छ । विश्व बैङ्कको सोही तथ्याङ्क अनुसार दक्षिण एसियाली देशहरूमा माल्दिभ्स ९७.८६ प्रतिशत (सन् २०२१), श्रीलङ्का ९२.२ (२०२२), भारत ७७.७ (२०२३), बङ्गलादेश ७६ (२०२१), भुटान ७२.१० (२०२२), पाकिस्तान ५८ (२०१९) र अफगानिस्तान ३७.३ प्रतिशत (२०२१) साक्षरता दर रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षमाथिको उमेर समूहमा नेपालको साक्षरता दर ७६.२ प्रतिशत पुगेको छ । नेपाल सरकारले पूरा देशलाई साक्षर बनाउने उद्देश्य अनुरूप अहिलेसम्म चारवटा प्रदेश, ६७ जिल्ला र ६२२ स्थानीय निकाय साक्षर घोषणा भइसकेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार घोषणा हुन बाँकी मधेस र कर्णाली प्रदेश छन् भने जिल्लाहरूमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, कालिकोट र डोल्पा हुन् । ७५३ स्थानीय निकायमध्ये १३१ वटा साक्षर घोषणा हुन बाँकी छन्, जसमा १२९ मधेस प्रदेशमा र कर्णाली प्रदेशमा दुई स्थानीय तह छन् । साक्षरतामा सबभन्दा कमजोर मधेस प्रदेश देखिन्छ ।

### साक्षरतामा कृत्रिम बौद्धिकताको प्रयोग

साक्षरता कक्षामा सहभागी हुने व्यक्तिहरू उमेर ढल्केका र फरक-फरक आवश्यकता र प्राथमिकता, इच्छा र चाहना तथा क्षमता र दक्षता भएका हुन्छन् । सोही अनुसार उनीहरूले सिक्ने विषयवस्तु, सिक्ने शैली र सिक्ने समय समेत फरक-फरक हुन्छन् । कृत्रिम बौद्धिकतामा आधारित सिकाइ माध्यमले सिकारुको यी सबै पक्षलाई ख्याल गर्दै सिकाइ सामग्री तयार, अनुकूलन वा समायोजन गर्न सहज गराउँदै व्यक्तिकेन्द्रित तथा निजीकृत सिकाइलाई प्रोत्साहन गर्छ । ओबोफेमी अलोओ विश्वविद्यालय नाइजेरियाका प्राध्यापक टोलामिसे ओलासेन्डेको अनुसन्धानको प्राप्तिले भन्छ– कृत्रिम बौद्धिकताको प्रयोगले प्रौढ सिकारुलाई सान्दर्भिक, समय सापेक्ष र आफ्नो क्षमता अनुसार सिक्न, सिकाइ प्रक्रियामा संलग्न हुन र सिकेका विषय वस्तुबाट सन्तुष्ट हुन प्रेरित गर्दछ ।

आफ्नो एन्ड्रोइड फोन वा कम्प्युटरमा कृत्रिम बौद्धिकताको सहायताले व्यक्तिले उपयुक्त समयमा इच्छानुसारका विषयवस्तु सिक्न सक्छ । एउटै पाठ्यक्रम, एउटै पाठ्य विषय, एउटै शिक्षण सिकाइ विधि र एकै समयमा सिक्नुपर्ने परम्परागत प्रणालीलाई तोडेर कृत्रिम बौद्धिकताका कारण सिकारु अहिले विविध सामग्री, फरकफरक सिकाइका विधि र पद्धति अपनाउन स्वतन्त्र र सक्षम हुँदै गएका छन् । साक्षरता कार्यक्रममा कृत्रिम बौद्धिकताको प्रयोगले सिकारुको कार्यसम्पादन क्षमता, सिकाइको गति, सबल र दुर्लभ पक्ष सबैको विश्लेषण गरेर उसले ग्रहण गर्न सक्ने, बुझ्न सक्ने र व्यक्तिको सीप र क्षमता अनुसारको सामग्री उत्पादन र क्रियाकलाप निर्माण गर्न सहयोग गर्छ ।

व्यक्ति कुन क्षेत्रमा दख्खल हुन खोजेको छ र उसको आवश्यकता के हो ? सो अनुसार कृत्रिम बौद्धिकताको प्रयोग गर्न सकिन्छ । जस्तै : शब्दको सूची बनाउने, प्रश्नहरू निर्माण गर्ने, उत्तर अभ्यास गर्ने आदि । कृत्रिम बौद्धिकताको प्रयोग गर्दै सिक्ने व्यक्तिको कुन क्षेत्रमा ज्ञान, सीप र क्षमतामा कमी छ ? उसलाई पढाइ, उच्चारण, लेखाइ वा गणना कुन पक्षमा बढी जोड दिनुपर्छ भन्ने विषय थाहा पाउन सकिन्छ । जसले गर्दा सहजकर्तालाई व्यक्तिगत रूपमा सहभागीलाई सहयोग गर्न सक्षम बनाउँछ । कृत्रिम बौद्धिकताको प्रयोग गर्दै पढ्ने, लेख्ने, बोल्ने आदि गर्दा यसले तुरुन्तै पृष्ठपोषण दिन्छ । कमी-कमजोरी र बलिया पक्ष बताइदिन्छ । सुधारका लागि सुझाव दिन्छ । उच्चारण सुधार गर्न नमुना उच्चारण गरिदिन्छ । साथै साक्षरता कक्षा सञ्चालन गर्दा यसको प्रयोगले व्याकरणको उचित प्रयोग, भाषाको शुद्धता र सरलता तथा अभिव्यक्ति कलाको सुधार गर्न सकिन्छ ।

यसको प्रयोगले विनामूल्य स्वतस्फूर्त रूपमा प्राप्त गर्न सकिने ज्ञान र सीपको भण्डारमा पहुँच पुर्‍याउन सकिन्छ । माइक्रोसफ्ट पढाइ, कोच र गुगल पढाइजस्ता साधनको प्रयोगले उच्चारणमा सुधार गर्न र शुद्ध बोल्न सहयोग गर्छ । तुरुन्तै पृष्ठपोषण दिएर नमुना उच्चारण पनि गरिदिन्छ । साथै यिनै साधनमार्फत उच्चारण र अक्षर मिलाउनेजस्ता खेल खेलाउन सकिन्छ । त्यसैगरी ग्रामर्ली र क्विलवटजस्ता साधनले लेखाइको तुरुन्त पृष्ठपोषण दिएर सुधार गर्न सहयोग गर्छ । साक्षरता कार्यक्रमका सहभागी प्राय: वैवाहिक जीवनमा प्रवेश गरिसकेका, काँधमा पारिवारिक जिम्मेवारी बोकेका र सामाजिक व्यक्तित्वका रूपमा स्थापित भइसकेका व्यक्ति हुन्छन् । त्यसैले उनीहरूमा व्यक्तिगत, पारिवारिक तथा सामाजिक समस्या र चिन्ता हुन सक्छन् । जसको निराकरणका लागि मनोसामाजिक परामर्श आवश्यक हुन सक्छ । कृत्रिम बौद्धिकताको उचित प्रयोग गर्दा व्यक्तिको सिकाइका अतिरिक्त मनोसामाजिक परामर्शमा पनि यसले सहयोग गर्न सक्छ ।

### चुनौती

कृत्रिम बौद्धिकताको प्रयोगका लागि कम्प्युटर वा एन्ड्रोइड फोन र इन्टरनेट अनिवार्य हुनुपर्छ । साक्षरता कक्षामा सहभागी हुनेहरूसँग यी साधन र वातावरण नहुन सक्छ । जसले गर्दा समाजमा वा व्यक्तिको सिकाइमा असमानता बढ्न सक्छ । युनेस्कोको अवधारणा पत्रका अनुसार आज १० वर्षमाथिका ८० प्रतिशत मानिससँग फोन छ । विश्वका ६८ प्रतिशत व्यक्ति इन्टरनेटको पहुँचमा छन् । यो संख्या धनी देशमा ९३ प्रतिशत छ भने कम आय हुने देशमा २७ प्रतिशत मात्र छ । गरिब र धनी बिचको यो खाडल यसको प्रयोगले झन् बढ्न सक्छ । जब व्यक्ति सिकाइका लागि मेसिनमा भर पर्न थाल्छ, तब उसको आलोचनात्मक चेत, सिर्जनशील विचार र चिन्तनशीलता कमजोर हुँदै जान्छ । सहजकर्ता अल्छी बन्ने सम्भावना बढ्दै जान्छ । सहजकर्तालाई निर्देशन मात्र दिने व्यक्तिका रूपमा विकास गराउन सक्छ ।

कृत्रिम बौद्धिकताको प्रवेशले सहजकर्ताको सक्रियता घटाउनुको साटो भूमिकामा मात्र परिवर्तन गराउँछ भन्ने कुरा सहजकर्ताले बुझ्न जरुरी छ । उसले सहभागीलाई भावनात्मक सहयोग र मानवकेन्द्रित शिक्षण विधि प्रयोग गर्दै कृत्रिम बौद्धिकताको उचित प्रयोगमा सहभागीलाई सहयोग गर्नुपर्छ । इलिनोइस विश्वविद्यालय अमेरिकाका प्राध्यापक मेरी कालान्जिस र बिल कोपको अनुसन्धानको प्राप्ति अनुसार कृत्रिम बौद्धिकताको कारण प्रविधि, मानव शरीर र मानव मस्तिष्क बिचको सम्बन्ध नै धुमिल भएको छ । जस कारण सामान्य मानिस के ठिक के बेठिक छुट्याउन नसक्ने भएका छन् । त्यसैले शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोग सजगताका साथ गर्नुपर्छ । अझ साक्षरता कार्यक्रममा संवेगात्मक तथा भावनात्मकजस्ता मानवीय पक्षलाई सहजकर्ताले राम्ररी बुझ्न जरुरी छ, भन्नुहुन्छ उहाँहरू । कृत्रिम बौद्धिकताको प्रयोगले साक्षरताका आधारभूत सीपहरूमा कमी हुन सक्छ भन्दै उहाँहरू चिन्ता व्यक्त गर्नुहुन्छ । यसको प्रयोगले पुस्तक पढ्ने, लेख्ने तथा विनामेसिन गणना गर्न सक्ने क्षमतामा ह्रास आउन सक्छ । यो पक्षलाई सहजकर्ताले निरुत्तर ख्याल गर्दै क्रियाकलाप निर्माण गर्नुपर्छ ।

### अबको बाटो

सरकारले नीतिगत रूपमै अनौपचारिक शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोगलाई प्रोत्साहित गर्दै क्रमश: अनिवार्य गर्न आवश्यक छ । सरकारले सन् २०१९ मा पास गरेको डिजिटल नेपाल ढाँचाले कृत्रिम बौद्धिकतालाई शिक्षामा प्रयोग र उपयोग गर्न बाटो खोलिदिएको छ, तर यति मात्र पर्याप्त छैन । अनौपचारिक शिक्षामा कृत्रिम बौद्धिकतासम्बन्धी छुट्टै नीति र मापदण्ड विकास गर्नु आवश्यक छ । जस्तै : साक्षरता कक्षाका सहजकर्ता र सहभागीको कृत्रिम बौद्धिकता सम्बन्धी सक्षमता मापदण्ड आदि । अबको साक्षरता कार्यक्रम एन्ड्रोइड फोनको एप्लिकेसनसँग नजोड्ने हो भने व्यक्ति साक्षरता कार्यक्रममा सहभागी नै हुँदैनन् । त्यसैले साक्षरताको पाठ्यक्रम र पाठ्यसामग्री आजको सूचना र प्रविधिको युगले माग गरेको समय सापेक्ष ज्ञान र सीप सिकारुमा विकास गर्ने गरी परिमार्जन तथा अनुकूलन हुनु जरुरी छ । जस्तै : सबै स्थानीय तहले साक्षरता कार्यक्रममा डिजिटल साक्षरता सम्बन्धी क्रियाकलाप जोड्दै आफ्ना नागरिकलाई डिजिटल्ली साक्षर बनाउन आवश्यक छ ।

साथै परम्परागत शिक्षण विधि र क्रियाकलापमा परिवर्तन पनि आजको माग हो । जसका लागि सहजकर्तालाई तालिम अपरिहार्य छ । विषयवस्तु निर्माण, सिकाइ प्रक्रियामा सिकारुहरूको सहभागिता, व्यक्तिको आवश्यकता पहिचान आदिका साथै कृत्रिम बौद्धिकताका साधनहरूको उचित प्रयोगका लागि सहजकर्तालाई सोही अनुरूप तयारी गर्नुपर्छ । तालिमका सन्दर्भमा ओबोफेमी अलोओ विश्वविद्यालय नाइजेरियाका अर्का प्राध्यापक बद्रुदिन तेस्लिम भन्नुहुन्छ–साक्षरता कक्षाको नेतृत्व गर्ने व्यक्तिलाई पर्याप्त तालिम तथा प्रशिक्षण नदिने हो भने कृत्रिम बौद्धिकताको प्रयोगले नकारात्मक परिणाम पनि दिन सक्छ । त्यसैले साक्षरता कार्यक्रममा कृत्रिम बौद्धिकतालाई प्रवेश गराउनु अघि सहजकर्ताको तालिम र योग्यतामा ध्यान दिनुपर्छ ।

कृत्रिम बौद्धिकताको प्रगोगलाई समयमै अनौपचारिक शिक्षासँग जोड्दै साक्षरता कार्यक्रमलाई डिजिटल युग सुहाँउदो नबनाउने हो भने यी कार्यक्रम चल्दैनन् । औपचारिक शिक्षामा जस्तै अब साक्षरता कार्यक्रममा पनि कृत्रिम बौद्धिकताको प्रयोग सामग्री उत्पादन, नवीन शिक्षण विधिको प्रयोग, परीक्षा सञ्चालन तथा परीक्षाफल विश्लेषण आदिमा प्रयोग गर्न ढिला भइसकेको छ । त्यसैले कृत्रिम बौद्धिकताको बहुआयामिक शक्तिको प्रयोग समग्र नीति र प्रणालीमा सुधार, पाठ्यसामग्री र शैक्षणिक विधिमा परिमार्जन तथा अनुकूलन र व्यक्तिको क्षमता र दक्षता अभिवृद्धि आजको पहिलो आवश्यकता हो । यसका लागि सरकारी लगानी बढाउनुपर्ने देखिन्छ । साथै, यो क्षेत्रमा कार्यरत निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य गर्दै सरकार अगाडि बढ्नु उपयुक्त देखिन्छ ।

(साभार: रातोपाटी)

# शीर्ष नेतालाई पद जोगाउन हम्मे

केशव अधिकारी

धेरै वर्षअगाडिदेखि तत्-तत् राजनीतिक दलका शीर्षस्थान (सभापति, अध्यक्ष) ओगट्दै र अरू कसैलाई पनि ढिम्किन नदिएर एकलौटी साम्राज्यको हैकम चलाउँदै आएका शीर्ष नेताहरूलाई आजका दिनमा त्यो उच्च आसनको पद जोगाउन र पहिलेको जस्तै निष्कण्टक बनाउन हम्मे-हम्मे पर्न थालेको छ । हिजोका दिनमा आ-आफ्ना राजनीतिक दलका अराऊ-पठाऊ गर्ने हली-गोठालाजस्ता लाग्ने, उनीहरुले जाबो भुसुना ठहर्‍याएकाहरूले आज त्यो उच्च आसनमा विराजमान सिंहराजलाई चुनौती दिँदै गर्दा घरी ती शीर्षस्थहरूको आत्मा रोएर अलापविलाप गर्न थाल्छ त घरी आक्रोशले मुर्मुरिन्छ । पराईले त चुनौती दिएकै थियो, अटेर भएर पनि काम चलेकै थियो । तर अहिले त हिजो आफैँले भ्रष्टाचार यसरी गर्नुपर्छ, मान्छे तस्करी यसरी गरेर असीमित सम्पत्ति थुपार्न जान्नुपर्छ, यस्ता काममा अवरोध सिर्जना गर्नेलाई हदैसम्मको सजाय दिएरै भए पनि कमाउने काममा पछि पर्नुहुँदैन भनेर सिकाएका भुसुनाले पनि चुनौती खडा गरेर भगवान् इन्द्रको आसन डग्मगाए जसरी आसन नै डग्मगाउने खेल खेलेपछि रिस नउठ्ने कुरो पनि त भएन नि ! यस्तै आक्रोशमा छन् एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली ।

आफूविनाको एमाले राजनीतिक दल हुनै सक्दैन भन्ने लागेको छ उनलाई । उनको अध्यक्ष पद डग्मगाउनको लागि पूर्वराष्ट्रपति विद्या भण्डारी नेकपा एमाले पार्टीभित्रै रहेर सक्रिय राजनीतिमा लाग्नको लागि मैदानमा ओर्लने मात्र होइन कि सक्रियतापूर्वक देश दौडाहामा लाग्ने घोषणा गर्दै अभियान थालेकी छन् । कमरेड केपी ओलीले हेर्दाहेर्दै उनको तुलनामा विद्याको राजनीतिक उचाइ बढेर जाँदै छ । यो भन्नुको अर्थ ओली हालका शासक हुन् भने उनको पो लोकप्रियता बढेर उचाइ हासिल गर्नुपर्ने थियो त भन्ने ओलीको बुझाइ हुन सक्छ । ओलीको बुझाइ र सोचाइको ठीक विपरीत वातावरण बनेर विद्याको लोकप्रियता बढ्नु त ओलीका लागि असह्य मानसिक पीडाबोध हुने अवस्था हो । यो अवस्था सिर्जना गर्ने काम पूर्वराष्ट्रपति विद्या भण्डारीका तर्फबाट भएकोले विद्यादेखि ओली रिसाएर मुर्मुरिनु स्वाभाविकै पनि हो ।

हुन त विद्याको सक्रिय राजनीतिक आगमनअगावै भीम रावलजस्ता कान्छा नेताहरूले ओलीको अध्यक्षताको विरोध नगरेका होइनन् । परन्तु उनलाई एक्लो बृहस्पति झुटो बनाएर पार्टीबाटै निष्कासन गरियो । अब अहिले आएर विद्या भण्डारीलाई त्यसो गर्न सक्ने अवस्था पनि छैन । विद्याको सक्रिय राजनीतिक आवागमनको अग्रिम सुइँको पाउँदै ओलीले अझै २०-२२ वर्ष पर्खन भनेकै थिए । आफ्नो जीवन रहुन्जेल एमाले पार्टीको अध्यक्षको पद अरु ऐरेखैरे कसैलाई नदिएर आफ्नै कब्जामा हुनुपर्छ भन्ने व्यक्तिवादी र साँघुरो विचारका राजनीतिक नेता ओलीलाई आफ्नो अध्यक्ष पद कसरी जोगाउने भन्ने चिन्ता छ । अनि बाँचुन्जेल निष्कण्टक कसरी बनाउने भन्ने पीडाग्रस्त मानसिकतामा डुबेका छन् उनी ।

प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओली आफ्नो विरुद्धमा चुनौती खडा भएको र त्यसको सामना कसरी गर्ने भन्ने मानसिकताले ग्रस्त भएर अनेक थरीका विकल्प खोज्दै गरेको अवस्थामा छन् ।

सकेसम्म विद्या भण्डारीलाई अनेक षड्यन्त्र गरेर भए पनि बाहेक गर्ने धुनमा उनी रहेजस्तै नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को कुर्सी पनि उनकै राजनीतिक दलका जनार्दन शर्माले चुनौती खडा गरेर आच्छु-आच्छु बनाएका छन् । यसरी हायलकायल बनाउँदा प्रचण्ड पनि अधिक मात्रामा जनार्दन शर्मालाई हटाएर कसरी एक्लौटी अध्यक्षको पदलाई निष्कण्टक बनाउने भन्ने सोचाइको गहिराइमा डुब्न थालेका छन् । त्यही डबाइको पीडाबोध प्रकट गर्दै बेला-बेलामा जनार्दनलाई कटाक्ष गर्दै थरी-थरीका अभिव्यक्ति ओकल्दै गरेका पाइन्छन् ।

आफू माओवादीको अध्यक्ष पदमा नरहे त आकाशै खस्ने हो कि भन्नेजस्ता हास्यास्पद अभिव्यक्ति ओकल्दै गर्दा उनको आफ्नो राजनीतिक उचाइ घट्दै गएको अनि उनीभित्रको पदलोलुपताको मानसिकता कतिसम्म गहिरो रहेछ भन्ने कुरा पनि सहजै जान्न सकिन्छ । पटक-पटक देशकै कार्यकारी प्रमुखको पद ओगटेर बस्दा पनि देश र जनताको लागि माखो मार्न नसक्ने बिचरा दुवै कमरेडहरूको हिजोआज भर्खरैका आक्रोशका अभिव्यक्ति सुन्दै गर्दा स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाको पदलोलुपताको मानसिकता अनि त्यसमा अवरोध गर्ने तत्वमाथि पोखिएका आक्रोशका बचनहरूको याद दिलाउँछ । जब मातृकाप्रसाद कोइराला नेपाल अधिराज्यका प्रधानमन्त्री बनेका थिए अनि नेपाली काङ्ग्रेस पार्टीका सभापति पनि उनी नै थिए, त्यो बेला बीपीले पनि हालका प्रचण्ड, ओली, देउवा प्रवृत्तिको जस्तै आक्रोश पोखेर मातृकालाई अपशब्द ओकल्न भ्याएका थिए । शायद बीपीले त्यति नगरेर सहयोगी भूमिका खेलेका थिए भने ०७ सालबाट १७ साल आउने र एकदलीय निरङ्कुश शासन लादिने अवस्था सिर्जना हुने थिएन कि भनेर विश्लेषण गर्दा फरक नपर्ला ।

नेकपा एमाले र माओवादी केन्द्रका शीर्ष नेतालाई जसरी भर्खरै आँखै अगाडि चुनौती खडा भएर नसताए पनि नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई सोही पार्टीका महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मालगायतकाले अप्रत्यक्ष भए पनि चुनौती खडा गर्न थालेका छन् । मलाई भोट दिएर जिताउँछन् त म के गरुँ ? भन्ने अभिव्यक्ति दिने शेरबहादुर देउवालाई कोइराला परिवारतिरबाट पनि चुनौती खडा भइरहेको छ । तर उनी केपी ओली, कमरेड प्रचण्डका जसरी आक्रोश ओकल्दै हिँडेका भने छैनन् ।

यति भएर पनि ओली र प्रचण्डलाई जस्तै नेपाली काङ्ग्रेसको सभापतिको पद जोगाउन र निष्कण्टक बनाउनको लागि देउवालाई पनि हम्मे-हम्मे नै परेको बुझिन्छ । अर्कोतिर पाँचौं पटकसम्म नेपालको कार्यकारी प्रधानमन्त्री बनिसकेका देउवालाई ज्योतिषीले सातौँ पटकसम्म प्रधानमन्त्री बन्नेछौ भनेर भविष्यवाणी गरिदिएका कारण पुन: दुईपटक प्रधानमन्त्री बन्न पाइहालिन्छ कि भन्ने झीनो आशा उनको मानसबाट हटेको छैन ।

क्रमश: पृष्ठ-३...

# सुशासन माग्ने जेनजीलाई सरकारले गोली दाग्यो



काठमाडौं/जेनजीको प्रदर्शन चर्किँदै जाँदा प्रहरीसँग संयम रहेर स्थिति नियन्त्रणमा लिने विभिन्न विकल्प थिए । उनीहरुले अश्रुग्यास हान्न सक्थे । पानीको फोहराले प्रदर्शनकारी तितरबितर पार्न सक्थे । अझ कहिलेकाहिँ त प्रदर्शन चर्किनु अगावै सडकमै बसेर संवाद गर्न सकिन्छ । मनोविज्ञानले भीड नियन्त्रणमा ठूलो अर्थ राख्छ ।

तर प्रहरीले यी मध्ये कुनै गरेन । एभरेस्ट होटल बानेश्वर नेर पानीका फोहरा हान्यो । त्यसलाई पन्छाउँदै युवा अघि बढेपछि एकछिन अलमलजस्तो भयो । त्यसपछि पनि प्रहरीले केही बेर रबर बुलेट हान्दै रह्यो । तर एकै छिनपछि युद्धमा प्रयोग गरिने गोलाबारी गर्न थाल्यो, आफ्नै निहत्था नागरिकविरुद्द । सुरक्षा प्रशासनले संयम गुमायो । १५ चैतको तीनकुने ताण्डवबाट प्रहरीले सिकेन, सिक्न चाहेको देखिएन ।

तर यो कुरा केवल प्रहरी प्रशासनको मनोविज्ञानमा सीमित छैन । यो नेपाल राज्यको नेतृत्व हाँकिरहेका प्रधानमन्त्री केपी शर्मा ओली अनि सत्ता साझेदार शेरबहादुर देउवाको शासकीय अयोग्यतासँग जोडिन्छ । त्यही अयोग्यता छताछुल्ल हुँदा काठमाडौं र विभिन्न शहरमा सोमबार सरकारले विवेक गुमायो ।

लोकतान्त्रिक शासकले अपनाउनुपर्ने न्युनतम मूल्य मान्यता र मानव अधिकारका सबै सीमा नाघ्दै सरकारले हुकिँदै गरेको नयाँ पुस्तामाथि सोमबार बर्बर दमन गरेको छ । जुन दमनमा पर्दा सामाजिक सञ्जाल बन्द गरेको आवेग सडकमा पोख्न उत्रिएका जेनजी पुस्ताका १९ जना युवाले मृत्युवरण गरिसकेका छन् । चार सय भन्दा बढी घाइतेहरु अस्पतालको शैयामा छन् । देशैभर आन्दोलनको आगो सल्किएको छ ।

नेपालको शान्तिपूर्ण राजनीतिक आन्दोलनका इतिहासहरुमा एकै दिन एउटै स्थानमा यति धेरै व्यक्ति राज्य दमनबाट मारिएको यो संभवत पहिलो घटना हो । जुन घटनापछि पनि नेपालका दुई ठूला राजनीतिक दल कांग्रेस र एमाले सम्मिलित सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री केपी शर्मा ओली पदमै आसिन छन् । दमनका लागि प्रहरी परिचालन गर्ने कांग्रेसका गृहमन्त्री रमेश लेखकले सर्वत्र दबाबपछि राजीनामा दिएका छन् । याद रहोस्, १९ दिने जनआन्दोलनमा करिब यति नै संख्याको मृत्यु हुँदा तत्कालीन राजा ज्ञानेन्द्र शाहले गद्दी नै छोडेर हिँड्नु परेको थियो ।

यद्पी यो व्यवस्था पल्टाउन भएको आन्दोलन होइन । यहाँ युवाहरुले राजनीतिक व्यवस्था परिवर्तन होइन आफ्नो न्यूनतम नागरिक स्वतन्त्रताको प्रयोग गर्न पाउनु पर्ने माग गर्दै आन्दोलनमा उत्रिएका हुन् । 'नेपालको राजनीतिक इतिहासमै एउटा भयानक घटना हो । नागरिकमाथि सरकारले सबै खालका संयम गुमाएको छ । सरकारमा कुनै चेतना नै देखिएन' राजनीतिशास्त्री प्राध्यापक कृष्ण खनालले संचार कर्मीसँग भने ।

उनका अनुसार यस्तो अवस्थामा घटनाका मुख्य कारकहरुले जिम्मा लिनुपर्छ । 'राजनीतिक दलहरुले गरेका कामहरुमाथि कुनै न कुनै रुपमा समाजमा ठूलो फ्रस्ट्रेसन बढ्दै थियो । तर यो स्थितिको कत्ति पनि सरकारले मुल्यांकन गरेको देखिएन' प्राध्यापक खनालले भने । राजनीतिक दलहरुका गतिविधिमाथि आमरुपमा नागरिक वितृष्णा बढिरहेको थियो ।

जुन वितृष्णालाई सरकार र सरकार सञ्चालन गर्ने राजनीतिक दलहरुले व्यवस्थाविरोधीहरुका कुरा भन्दै पन्छाइरहे । शासकहरुमाथि प्रश्न गर्दा व्यवस्थाविरोधी हर्कत भन्दै नेताहरुले खिसिटयूरी गरिरहे । यही अवस्थामा सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय बन्यो । जुन निर्णयले जेनजी विद्रोहको आकार लिएको छ । पहिलो दिनमै कलिला युवाहरु मारिएका छन् ।

'परम्परागत पार्टीहरुप्रतिको विश्वास गुम्दै गएको थियो,युवाहरुमा फ्रस्टेसन बढिरहेको थियो,' सोसल साइन्स बहा:का उपनिर्देशक एवं सामाजिक राजनीतिक अध्येता डा. जीवन बानियाँले भने,'समाजिक सञ्जाल बन्दले एउटा ठूलो समूदायलाई डिस्कनेक्ट गऱ्यो । जुन कुरा सडकमा पोखिँदा राज्यले त्यसलाई बुझ्न सकेन ।' उनकाअनुसार जेनजीको आक्रोश कतिसम्म बढेको थियो भन्ने आंकलन गर्न राज्यका सबै निकाय असफल रहेको देखियो ।

यदी राज्यका निकायहरुले न्यूनतम सुरक्षा मापदण्डहरु र सावधानी अपनाएको भए यो तहको मानवीय क्षति हुने थिएन । निषेधित क्षेत्र संसद् भवन ताकेर हिँडेका युवाहरुलाई प्रहरीले पहिलो तहमै रोक्न सक्थ्यो । अश्रू ग्यास पानीको फोहोरा प्रयोग गरेर सुरूमै तितर बितर पार्न सक्थ्यो । तर सुरुमा प्रहरीले निषेधित क्षेत्रमा प्रवेश गर्दा सुरक्षा सावधानी अपनाएन । जब आक्रोशित युवाहरुको समूह संसद् भवन वरपरि पुग्यो त्यसपछि प्रहरी दमनमा उत्रिएको दृश्यहरु देखिएका छन् ।

'सुरक्षा संयन्त्र फेल भएको यो एउटा दृष्टान्त हो' बानियाँ भन्छन्,' यसमा जिम्मेवार भूमिकामा रहेकाहरुले जिम्मेवारी लिनै पर्छ ।' प्रहरीले दमनमा उत्रेपछि न्यूनतम मान्यताहरुको पनि उल्लंघन गर्दै आन्देलनकारीमाथि गोली प्रहार गऱ्यो । निजामती अस्पताल भित्रै प्रवेश गरेर प्रहरीले अश्रु ग्यास प्रहार गरेको छ । घाइतेहरु बोकेर अस्पताल गइरहेका आन्दोलनकारीमाथि प्रहरीले अस्पताल हाताभित्रै पुगेर लखेटेको छ । विरामीको सेवामा तल्लिन डाक्टरहरुले अस्पताल हाताभित्रै अश्रु ग्यास खानुपरेको छ ।

'यो आन्दोलन आजको आजै भएको त हैन नि । अस्ति बन्द आह्वान गरेर आज यतिकै निस्किएको जस्तो मलाई लाग्दैन' प्राध्यापक खनालले भने,' जेनजी युवाहरु सोसल मिडियामा खेलिरहने सर्कल हो । उनीहरुको बीचमा तयारी गरे होलान् । यस्तो कुराको जानकारी त सरकारले राख्न सक्नु पर्ने थियो ।' प्राध्यापक खनालका अनुसार यो सरकारको नालायकीपन हो । 'सरकारको नालायकीपनको हद भयो । यति संवेदनशील विषयमा अब कुन नैतिक आधारमा सरकारमा बसिरहने ? प्राध्यापक खनालले भने ।

जेनजी युवाहरुले केही दिनदेखि सामाजिक सञ्जालहरुमा समूह बनाएर आन्दोलनको तयारी गरिरहेका थिए । यो बारेमा सञ्चार माध्यमहरुले पनि पर्याप्त सूचना सम्प्रेषण गरिरहेका थिए । तर सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले भने आइतबारै पनि हल्का टिप्पणी गर्दै कानुनको व्यवस्था सम्झाउँदै थिए । एमालेको विधान अधिवेशन समापनका क्रममा उनले सामाजिक सञ्जाल कम्पनीहरुले नेपालको कानुन नमानेको भन्दै राष्ट्रिय स्वाधीनताको कुरा गरिरहेका थिए । त्यही क्रममा उनले जेनजीलाई कानुन सम्झाइरहेका थिए । जसले युवाहरुमाथि झन् आक्रोश थपिरहेको थियो ।

सामाजिक सञ्जाल बन्द गर्ने काम एउटा निर्देशिकाका रमा गरिएको निर्णय थियो । त्यो निर्णय लिँदा सर्वोच्च अदालतले दिएको आदेशको भर पनि सरकारले लिएको थियो । तर संसद्बाट कानुन ल्याएर नियमन गर्न सकिने बाटो हुँदा हुँदै सरकारले निर्देशिकाको भर गऱ्यो । जुन अहिले आवश्यक नै नरहेको प्राध्यापक खनाल बताउँछन् ।

'अर्को सर्वोच्च अदालतको आदेश देखाएर तत्काल निर्देशिकाको भरमा बन्द गर्नु कर्मचारीतन्त्रको पराकाष्टा हो । कानुन बनाउने संसद् हाई काढेर बसेको छ' उनले भने,' सर्वोच्च अदालतले कानुन बनाउन भनेको हो । आदेश जारी गरेर काम गर भनेको त होइन । कर्मचारीतन्त्र हावी हुँदाको परिणाम हो ।' जेनजी आन्दोलनमा विशेष गरी दुइटा माग उठेका थिए । बन्द सामाजिक सञ्जाल खुला गर्नुपर्ने र भ्रष्टाचार रोक्नुपर्ने । यी दुवै माग राख्दै सोमबार सडकमा विद्यालय र कलेजका विद्यार्थीहरु आइपुगेका थिए । उनीहरुले आफ्ना हजुरबा पुस्ताका नेताहरुसँगले आफ्नो कुरा नबुझेको भन्दै नाराबाजी गरिरहेका थिए । यिनै माग राख्दै उनीहरु संसद् भवन नजिक पुगेका थिए ।

सरकारमा संलग्न दलका राजनीतिक दलका नेतहरुले जेनजीको आन्दोलनमा घुसपैठ भएको भन्दै आन्दोलनको बद्नामी गर्न पनि खोजिरहेका छन् । यो आन्दोलन कुनै संगठित राजनीतिक वा सामाजिक संगठनले आयोजना गरेको थिएन । यसमा कुनै नेतृत्व थिएन । त्यसैले कुनै न कुनै गलत मनसाय राखेकाहरुको घुसपैठ भएको हुन पनि सक्छ जसबारे आन्दोलनका अगुवाहरुले हामीसँग केही आशंका पनि राखेका छन् ।

तर राज्यले घुसपैठ भएको भन्ने नाममा नागरिकहरु माथि कठोर दमनको बाटो अपनाएको छ । घुसपैठ नै भएको भए पनि त्यहाँका कुनै नागरिकको जिउ ज्यानको सुरक्षा सरकारको जिम्मेवारी हुनुपर्ने हो । तर सरकार यो आधारभूत जिम्मेवारीबाट पनि चुकेको छ । बरु प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद् बैठकमा जेनजीका माग सम्बोधन गर्नु को सट्टा घुसपैठ भनेर यसलाई विषयान्तर गर्दिए । सरकारले पहिलो दिनमै जुन विवेक गुमाएको छ आगामी दिनमा यसको मूल्य थप चुकाउनुपर्ने हुन सक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# जेनजीमाथि सरकारको बर्बर दमनको कलाकारले गरे विरोध, कसले के भने ?



काठमाडौं/भ्रष्टाचार, सत्ताको दुरुपयोग र सामाजिक सञ्जाल बन्दको विरोधमा सोमबार भएको जेनजी पुस्ताको प्रदर्शनमा सरकारले बर्बर दमन गरेको भन्दै कलाकारहरुले विरोध जनाएका छन् । प्रदर्शनमा सहभागी १८ जनाको मृत्यु भएपछि आक्रोशित भएका कलाकारहरुले सामाजिक सञ्जालमार्फत् 'हत्यारा सरकार' भन्दै प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा समेत मागेका छन् ।

अभिनेत्री ऋचा शर्माले आन्दोलनका फदयविदारक तस्वीर (रगताम्मे भएको जुत्ता) सामाजिक सञ्जालमा सेअर गर्दै सरकारले आफ्नो असली रुप देखाएको उल्लेख गरेकी छन् । उनले लेखेकी छन्, 'ढल्दै गएको पुस्ताले उदाउँदै गरेको पुस्तामाथि दमन गरेको छ र देशभित्रै ज्वालामुखी फुट्दैछ । हत्यारा सरकार, भ्रष्ट सरकार, अलोकतान्त्रिक सरकार ।'

अभिनेत्री द्वय वर्षा सिवाकोटी र लक्ष्मी वर्देबाले पनि 'हत्यारा सरकार' भन्दै जेनजीमाथि भएको बर्बर दमनको विरोध गरेका छन् । अर्की अभिनेत्री आँचल शर्माले इन्स्टाग्राम स्टोरीमा एक पोस्ट लेख्दै 'दिनदहाडै हत्या गर्नुलाई नियन्त्रण भन्छौ' भन्दै सरकारलाई प्रश्न गरेकी छन् । उनले लेखेकी छन्, 'रगतले लतपतिएका तिमीहरुको अनुहारलाई इतिहासले हरेक दिन थुक्नेछ ।'

त्यस्तै, अभिनेत्री रेखा थापाले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै जेनजीले उठाएको माग पूरा गर्न र संविधान संशोधन गर्न सरकारसँग आग्रह गरेकी छन् । अभिनेता पल शाहले न्याय र अधिकार खोज्दा ज्यान नै गुमाउनुपर्ने कठै मेरो देश भन्दै दु:ख व्यक्त गरेका छन् भने अर्का अभिनेता पुष्प खड्काले जनता देशको सम्पत्ति भए पनि राज्यले कठपुतली बनाएको भन्दै आक्रोश पोखेका छन् ।

निर्देशक तथा सांसद असिम शाह, निर्देशक तथा निर्माता सन्तोष सेन, ज्योतिष तथा अभिनेता हरिहर अधिकारी, अभिनेता दिव्यदेव पन्त, अभिनेत्रीहरु नीता ढुंगाना, नीति शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, आना शर्मा, सुहाना थापा लगायतले पनि जेनजीको प्रदर्शनमा भएको दमनको सामाजिक सञ्जाल मार्फत् विरोध जनाएका छन् ।

# जितुको साथमा 'छक्का पञ्जा युएसए टूर' गर्दै दीपक-दीपा



काठमाडौं/कुनै बेला दीपकराज गिरी, दीपाश्री निरौला, र जितु नेपालबीच व्यक्तिगत र व्यावसायिक दुवै हिसाबले बलियो सम्बन्ध थियो । उनीहरुले '६ एकान ६' हुँदै 'छ माया छपक्कै'सम्म निरन्तर सहकार्य गरे । तर, 'महानायक' विवादपछि उनीहरुको सहकार्य मात्र नभई व्यक्तिगत सम्बन्धमा पनि दरार देखा पऱ्यो । दीपक-दीपा र जितुबीच लामो समय पानी बाराबार कै अवस्था रहेको थियो ।

अब भने उनीहरूले विगतका तिक्तता भुलेर पुन: सहकार्यको यात्रा सुरु गरेका छन् । यसको सुरुवात 'छक्का पञ्जा युएसए टूर'बाट भएको हो । ३ असोजमा अमेरिकाको बाल्टिमोरबाट सुरु हुने यो टूरमा दीपकराज र दीपाश्रीसहित जितु पनि सहभागी हुनेछन् । आइतबार काठमाडौंमा उक्त टूरबारे जानकारी दिन आयोजित कार्यक्रममा उनीहरुको उपस्थिति रहेको थियो ।

अमेरिकाको १५ स्थानमा हुने कार्यक्रममा दीपकराज, दीपाश्री र जितुसहित अभिनेता तथा उद्घोषक आसिफ शाह, गायिका मिना पोखेल र गायक धर्मेन्द्र सेवान पनि सहभागी हुनेछन् । आत्रेय प्रोडक्सन हाउस र ग्लोबल इभेन्ट्सको संयुक्त प्रस्तुतिमा हुन लागेको उक्त टूरमा हास्य प्रहसनदेखि सांगीतिक प्रस्तुतिसम्म रहने जनाइएको छ ।

१५ वर्षपछि अमेरिका जान लागेको दीपकले यसपटकको दशैंमा आफ्नो समूहको फिल्म रिलिज नभएकाले दर्शकलाई 'छक्का पञ्जा'को मजा दिन अमेरिका टूरमा सहभागी हुन लागेको बताए । दीपाले भने धेरैपछि स्टेजमा प्रस्तुति दिन लागेकाले आफू नर्भस रहेको बताइन् । जितुले यसपालिको दशैं अमेरिकाबासी दर्शकसँग रमाइलो गर्दै मनाउन आफू उत्साहित रहेको बताए ।

# १९ जनाको ज्यान गएपछि सामाजिक सञ्जाल बन्दको निर्णयबाट पछि हट्यो सरकार



काठमाडौं/सरकारले सामाजिक सञ्जालहरुमाथि लगाएको प्रतिबन्ध खुलाएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल खुला गर्ने निर्णय गरेको सूचना तथा सञ्चार प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले जानकारी दिए ।

मन्त्रिपरिषद्ले निर्णय गरेसँगै सामाजिक सञ्जालहरू सञ्चालनमा आइसकेको उनले बताए । तर, सामाजिक सञ्जाल बन्द गर्ने निर्णयका कारण सरकारले कुनै पश्चाताप नगरेको मन्त्री गुरुङले बताए । 'यही कुरालाई बहाना बनाएर आन्दोलन भएका कारणले सामाजिक सञ्जालहरू खुलाउने निर्णय गरिएको हो,' उनले बताए ।

प्रतिबन्ध लगाइएका मध्येका एक सामाजिक सञ्जाल एक्सले नेपालको राष्ट्रिय स्वाभिमानको कदर नहुनेगरी जवाफ फर्काएको प्रधानमन्त्रीले मन्त्रिपरिषदमा ब्रिफिङ गरेका थिए । एक मन्त्रीका अनुसार एक्सले नेपालमा दर्ता नै नगर्ने बताएको छ ।

'यो कुरा डेढ वर्षदेखि भनिरहेका थियौं । सूचीकृत गर भनेका थियौं । नेपालको कानुन मान भनेका थियौं । हाम्रो राष्ट्रिय स्वाभिमानको कदर गर्ने कुरा हो' प्रधानमन्त्री ओलीले भनेका थिए, 'त्यसमा हमला भयो । सामाजिक सञ्जालमाथि एउटा देशलाई यसरी हेप्न पाइन्छ ? राष्ट्रको अपमान गर्नेगरी उनीहरूलाई खोलिदिने त ?'

जेनजीहरूको प्रदर्शनका कारण सोमबार काठमाडौंमा १७ र इटहरीमा २ जनाले ज्यान गुमाएका थिए । चर्को विरोध र सत्तारुढ दलबाटै दबाब थेग्न नसकेपछि अन्तत: सरकार निर्णयबाट पछि हटेको हो ।

सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयले गत १९ भदौमा मन्त्रीस्तरीय निर्णय गरेर सामाजिक सञ्जाल बन्द गराएको थियो ।

(स्रोत: अनलाइनखबर)

# *शीर्ष नेतालाई पद...*

यदि कुनै बलियो अवरोधले उनको सभापतिको कुर्सी खोस्न भ्याएको खण्डमा सभापति त भइएन-भइएन, बाँकी दुईपटक प्रधानमन्त्री बन्ने मौका पनि गुम्ने खतरा यथावत् रहेकोले प्रचण्ड, ओलीको तुलनामा अवरोधले त देउवालाई अधिक हानि पुग्ने कुरा विश्लेषण गर्न सकिन्छ ।

अहिलेका तीन राजनीतिक दलका शीर्ष नेताहरूमाथि विभिन्न काण्डमा अनियमितता गरेको आरोप लाग्दै आएको भए तापनि ती सानातिना आरोपलाई उनीहरूले ह्याकुलाले मिच्दै र थिच्दै सत्ताको दौडमा लागेका छन् । ती तीन पार्टीका शीर्ष नेताले सत्ता छोडेको थोरै समयपछि नै उनीहरूलाई ती धेरै थरीका मुद्दाहरूको सामना गर्नुपर्ने हुन्छ । सामना मात्र होइन कि प्रमाणित भएमा जेल सजायसमेत हुन सक्ने भएकोले भालुको कम्पट बनाएरै भए पनि सत्ता नछोडेरै टार्ने पक्षमा सत्तारुढ पार्टी रहेको पाइन्छ ।

२०८४ सालको चुनाव जित्न सके पनि अब सत्तामा रहेर त्यसको पूर्णरुपले बागडोर सम्हाल्न सक्ने जिम्मेवारीलाई पूरा गर्नको लागि विगतको तुलनामा केही न केही परिमार्जन भएरै अगाडि बढाउनुपर्ने हुन्छ । पुराना नेताबाट त्यस्ता खालका रचनात्मक क्रियाकलाप खासमा केही हुनेवाला छैन । केवल भ्रमको खेती गरेर आम जनता छक्याउने खालको राजनीतिक अभ्यासले गर्दा हाम्रो देशको राजनीतिले खासै प्रभाव पार्ने खालको वातावरण सिर्जना गर्न सकेको अवस्था देखिँदैन । केवल जनताका आँखामा छारो हाल्ने कामले कहिल्यै पनि हाम्रो राजनीतिले नवीनतम विषयवस्तु समातेर अगाडि बढाउन र सबैका सामु प्रस्तुत हुन नसकेको अवस्था हो यो । आफ्नो सत्ता जोगाउने हेतुले शीर्ष नेताहरू अन्टसन्ट कुरा गरेर जनता नै भेडा हुन्, हामी नेता त भेट्टाई नसक्नुका महान् मानव हौं भन्ने आत्मरतिमा दौडँदै गरेको महसुस गर्न सकिन्छ । हाम्रा नेताको भरोसायोग्य कर्म गराइनभएपछि पखालेर फालौं भन्ने अवस्था आउन बेर छैन । पुराना र दृष्टिकोणबेगरका नेताबाट देशको लागि कति पनि योगदान दिन सक्ने एक थोपो पनि अपेक्षा नराखे हुन्छ । त्यसको सट्टामा नयाँ र भरोसायोग्य नेताको खोजमा आम जनताको ध्यान जान थालेको छ ।

वास्तविकतालाई मध्यनजर गर्दा, नेतात्रयले आफूहरुको हातबाट आउँदो चुनावसम्मका लागि सत्ता फुत्कन दिने अवस्था छैन । यदि फुत्केको खण्डमा उनीहरूत्रयका २० वर्षअगाडिदेखिका पोल खोलिनेछन् । उनीहरूले न्यायको कठघरामा उभिन बाध्य बन्नुपर्नेछ । यसै बाध्यताका कारण यताबाट उताका सँग गठबन्धन गर्दा पो हुन्छ कि, उताका बाट यताका सँग गर्दा पो हुन्छ कि भन्ने सोचाइको दोधारबाट यिनको दिनचर्या गुज्रिरहेको छ । यिनीहरु नैतिक वा अनैतिकताका कुरा हेर्ने र सुन्नेवाला छैनन् । अब कुन र कस्तो षड्यन्त्र गरेर हुन्छ आफ्नो शीर्ष पदलाई यथावत् राख्न सफल हुनु यिनको पहिलो र महान् पुरुषार्थ गरेको ठहरिनेवाला छ । यिनले आफू मात्र जोगिएर भएकै छैन । आफन्त, श्रीमतीसमेतलाई चोख्याएर शुद्ध बनाउन सफल हुने खालको खेल खेल्नुपर्ने भएको छ । तर उक्त खेल खेल्नको लागि भरपर्दो साथ नपाउनु मात्र होइन कि त्यसको उछितो काढिने गरी विरुद्धमा लाग्नेहरूको सङ्ख्या दैनिक बढेर गएको छ । उनीहरू भीरमा अड्केको लौकाको अवस्थाबाट गुज्रिरहेका छन् । तथापि यस विषयमा हार्ने भन्ने कुरो त उनीहरूको शब्दकोशमा नभएको शब्द हुन्छ ।

जति लामो जीवन बाँचिन्छ त्यतिन्जेलसम्मको सत्ताको बागडोर मैमा परोस् भन्ने लालसाले भरिएको उनीहरूको मानसिकता रहेको छ । तर कर्मको आधारमा यिनको वर्गीकरण गर्ने हो भने, देश र नेपाली जनताको पक्षमा शुद्ध मानसले गर्ने कर्म शायद केही पनि छैन होला । गरिहाल्न खोजे पनि केवल चुनावकेन्द्रित भएर गरिने हुनाले केवल देखावटीले भरिएको हुनाले प्रतिफल पाउने गरी कर्म गरेका हुँदैनन् । यो रोग यिनका नयाँ पुस्ताले पनि च्यापेरै राजनीतिक नेतृत्वको स्तरसम्म पुगेको खण्डमा त्यस्ताहरुले पनि देश बर्बाद पारी लुटेर खाने बाटोको खोजी गर्ने प्रयास गर्नेछन् ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## जनचेतनामूलक सन्देश !

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

**भीमफेदी गाउँपालिकाको कार्यालय**
भीमफेदी, मकवानपुर

### पालिकाको आवश्यकता आधारमा सवर्दलीय सहमतिमा बजेट दिने: मुख्यमन्त्री बानियाँ

# 'मन्त्रालय धाउने र मन्त्री भेट्नेले बजेट पाउँदैन'

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले राजनीतिक सहमतिको आधारमा बजेट दिने बताएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा सोमबार हेटौंडामा भएको स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रममा मुख्यमन्त्री बानियाँले पालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सवर्दलीय सहमतिमा बजेट दिने बताए । आगामी दिनमा मन्त्रालय आउने र मन्त्रीलाई भेट्नेलाई बजेट नदिने उनले स्पष्ट पारे । निर्वाचित जनप्रतिनिधिले छनोट गरेका योजनालाई साझा योजना मानेर बजेट विनियोजन गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले सबै तहमा गरिने बजेट विनियोजनमा एकरुपता ल्याउन सरकार लागिपरहेको बताए ।




मुख्यमन्त्री बानियाँले भ्रष्टचारमुक्त र सुशासनयुक्त अभियानलाई सरकारले प्राथमिकतामा राखेको बताए । पारदर्शीता र जवाफदेही सरकार चलाउनको निम्ति १० लाख भन्दा माथिका सबै योजना टेण्डर प्रक्रियामार्फत गर्ने नीति लिएको उनले उल्लेख गरे । मुख्यमन्त्री बानियाँले आर्थिक लाभको लागि राजनीति गर्न नहुने बताए । जनताको सोझो चिताएर काम गर्न पनि उनले स्थानीय जनप्रतिनिधिलाई आग्रह गरे । मुख्यमन्त्री बानियाँले गणतन्त्रलाई संस्थागत गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने बताए ।

स्थानीय तहले दिने डेलिभरीबाट संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न सकिने उनको भनाई छ । जेन जीको प्रदर्शनतर्फको इंगित गर्दै मुख्यमन्त्री बानियाँले असीमित आवश्यकता र सीमित स्रोतसाधनबीच तालमेल मिल्न नसक्दा विभिन्न समूहको नाममा आन्दोलन भइरहेको बताए । सीप र तालिमसहितको बीउपुँजी दिएर जनताको प्रत्यक्ष अनुभूति गर्न सक्नेगरी स्थानीय तहले पनि काम गर्नुपर्ने उनको धारणा छ । मुख्यमन्त्री बानियाँले स्थानीय तहले बीउपूँजीको व्यवस्था गरे, त्यसमा प्रदेश सरकारले पुँजी थप गर्ने प्रतिबद्धता व्यक्त गरे । सामाजिक सञ्जालको माध्यमबाट समाज र गणतन्त्रलाई कमजोर पार्ने तत्वविरुद्ध एकजुट हुनुपर्नेमा उनले जोड दिए ।

**पालिकाबीच असल अभ्यास अनुभव आदान-प्रदान**

कार्यक्रममा मकवानपुर जिल्लाको एउटा उपमहानगर पालिका, एउटा नगरपालिका र ८ वटा गाउँपालिकाले सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, खेलकुद पूर्वाधारलगायतका क्षेत्रमा गरेका प्रगतिबारे प्रस्तुतिकरण गरेका थिए । हेटौंडा उपमहानगरपालिकाले १० हजार लिटरसम्म खानेपानी खपत गर्ने परिवारलाई नि:शुल्क खानेपानी सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ । यसबाट हाल २७ हजार २ सय ७० परिवार लाभान्वित भएको उपमहानगरका उपनिर्देशक डा. भीम तिमल्सिनाले जानकारी दिए । उपमहाननगरले वार्षिक पाँच विद्यार्थीलाई ५ लाख रुपैयाँ बराबरको एमबिबिएस अध्ययनका लागि सहयोग गर्ने गरेको छ ।

यस्तै, थाहा नगर पालिकाले बहुवर्षीय ठेक्काबाहेकका सबै योजनामा शून्य बजेटिङको अभ्यास थालेको, उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाका पदाधिकारीलाई तालिम दिएपछि मात्र योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको प्रमुख प्रशासकीयअधिकृत सुरेन्द्र प्रधानले बताए । सबै वडामा कृषि, पशु तथा सिभिल प्राविधिक जनशक्ति परिचालन, करार सेवामा कार्यरत कर्मचारीका लागि योगदानमा आधारित बीमा, स्थानीय पाठ्यपुस्तक र कक्षा १ देखि ३ सम्म मातृभाषा (तामाङ) अध्यापनको अभ्यासलाई असल अभ्यासको रुपमा प्रस्तुत गरिएको थियो ।

राक्सिराङ गाउँपालिकाले चट्याङ पूर्वसूचना प्रणाली जडान गरी जोखिम न्यूनीकरणको काम थालेको जनाएको छ । मकवानपुर गढी गाउँपालिकाले कक्षा ६ देखि ८ का विद्यार्थीलाई आन्तरिक कोषबाट खाजा खर्च उपलब्ध गराएको, ग्रामीण अल्ट्रासाउण्ड प्रणालीमार्फत् स्वास्थ्यपरीक्षण सुरु गरेको र 'कालिखोला ब्रान्ड' कोदो बजारमा ल्याएको विषयलाई असल अभ्यासमा उल्लेख गरेको छ । भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिका लागि सामाजिक सुरक्षा योजना सञ्चालन, गाउँपालिकास्तरमा ८५ प्रतिशत सडक सञ्जाल विस्तार तथा खेतीपाती र पशुपालनका पकेट क्षेत्र निर्धारण गरी अनुदान वितरण गरेको जनाएको छ ।

बागमती गाउँपालिकाले दुध उत्पादन वृद्धि गर्न ४ सय १३ कृषकलाई प्रतिकृषक १ लाखका दरले बीउपुँजी सहयोग गरेको छ । बकैया गाउँपालिकाले कृषि औद्योगिक ग्राममार्फत् दाना तथा साइलेज उद्योग स्थापना गरी दैनिक करिब २१ हजार लिटर दुध उत्पादन गर्ने गरेको, मासिक ४ करोड रुपैयाँ बराबरको आर्थिक गतिविधि भित्रिने गरेको प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेलले जानकारी दिए । इन्द्रसरोवर गाउँपालिकाले कृषिमा ७० प्रतिशत व्याज छुट तथा मल ढुवानीमा प्रतिकिलो २ रुपैयाँ छुट दिने गरेको बताइएको छ ।

मनहरी गाउँपालिकाले दुग्ध उत्पादनमा प्रतिलिटर ३ रुपैयाँ अनुदानका साथै नियमित भुक्तानी दिने गरेको प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले बताए । कैलाश गाउँपालिकाले पर्यटन प्रवर्द्धन र रोजगार सिर्जनाका लागि जिपलाइन पूर्वाधार निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्माकडेँलले बताए । कार्यक्रममा स्थानीय तहले कर्मचारी व्यवस्थापन, आन्तरिक स्रोतसाधनको अभाव, नदीजन्यपदार्थ व्यवस्थापन, अनुदान रकम सुनिश्चितता र पूरकयोजना थप गर्नुपर्ने लगायत अपेक्षा संघ र प्रदेश सरकारसमक्ष राखेका थिए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा १० वटै पालिकाका प्रमुख, उपप्रमुख, प्रदेशसभा सदस्यहरु कुमारी मोक्तान र प्रेमबहादुर पुलामी, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

### बागमती प्रदेशमा संघीय अनुदान घट्दो

# खर्चलाई मात्र प्रगति मान्न सकिँदैन: मुख्यमन्त्री बानियाँ




साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/संघीय सरकारबाट बागमती प्रदेश सरकारलाई प्राप्त हुने वित्तीय अनुदान रकम निरन्तर घट्दो क्रममा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा सोमबार हेटौंडामा भएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षामा प्रस्तुत तथ्यांकअनुसार, वित्तीय हस्तान्तरणअन्तर्गत समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानमा घट्दो क्रममा रहेको देखिएको हो । आर्थिक वर्ष २०७६/७७ मा बागमती प्रदेशले संघीय सरकारबाट १६ अर्ब ६३ करोड रुपैयाँ अनुदान प्राप्त गरेको थियो । तर, त्यसपछिका वर्षहरुमा यो रकममा उतारचढाव आएको देखिएको छ । आर्थिक वर्ष २०७७/७८ मा अनुदान रकम बढेर १६ अर्ब ९२ करोड पुगेको थियो । आर्थिक वर्ष २०७८/७९ मा १५ अर्ब ६८ करोड रुपैयाँ अनुदान प्राप्त भयो ।

आर्थिक वर्ष २०७९/८० मा भने यो रकम केही बढेर १७ अर्ब ४० करोड रुपैयाँ पुगेको थियो । तर, यसपछिका वर्षहरुमा अनुदान रकममा निरन्तर घट्दै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा संघ सरकारले १३ अर्ब ७२ करोड उपलब्ध गराएको थियो । गत आर्थिक वर्ष २०८१/८२ अनुदान रकम ११ अर्ब ९७ करोडमा सीमित भयो । चालू आर्थिक वर्ष २०८२/८३ को लागि भने १३ अर्ब ८० करोड रुपैयाँ अनुदान प्राप्त हुने अनुमान छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान रकममा आएको कमीले प्रदेशलाई आत्मनिर्भरतातर्फ कसरी लैजाने भन्ने बारेमा गम्भीर चिन्तन आवश्यक रहको मन्त्रालयका सचिव झलकराम अधिकारीले बताए ।

मन्त्रालयहरुको वार्षिक समीक्षामा प्रस्तूतिकरण राख्दै सचिव अधिकारीले वित्तीय अनुदानमाथिको निर्भरता कम गर्दै प्रदेशलाई आत्मनिर्भर बनाउनका लागि ठोस योजना र कार्यान्वयनको खाँचो देखिएको बताए । समीक्षाका क्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बजेट खर्चलाई मात्र प्रगति मान्न नहुने बताए । जनताले महसुस गर्नेगरी विगतमा भएका राम्रा कामलाई मात्र प्रगतिको रुपमा लिने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले गरिबमुखी, सेवामुखी, न्यायमुखी, आयमुखी र विकासमुखी कामको लागि वर्तमान सरकार गठन भएको उल्लेख गरे ।

प्रदेशबासीको आयआर्जन बृद्धि हुनेगरी आगामी वर्षको लागि बजेट निर्माणको तयारी थाल्न पनि उनले मन्त्री र सचिवरुलाई निर्देशन दिए । मुख्यमन्त्री बानियाँले जनतालाई आय र न्यायसँग जोडेर गरिबीमुखीबाट गरिखाने वर्ग निर्माण गर्नुपर्ने आजको आवश्यकता भएको बताए । बाटो र तटबन्ध निर्माणमा मात्र काम केन्द्रित नगरी प्रदेशको गौरव बढ्ने र जनताले अनुभूति गर्ने खालको काम गर्न मुख्यमन्त्री बानियाँले निर्देशन दिए । साना र टुक्रे योजनालाई आवश्यकताको सिद्धान्तको आधारमा स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले ३० लाख, २० लाखको योजनामा अल्झिएर नबस्न पनि निर्देशन दिए ।

समीक्षामा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बजेट तर्जुमा प्रणाली नै सुधार गर्नुपर्ने बताए । अहिलेको बजेट तर्जुमा प्रणालीबाट प्रदेश विकासको लक्ष्य प्राप्त गर्न नसकिने उनको धारणा छ । प्रतिफलको बेवास्ता नगरी अन्धाधुन्ध बजेट खर्च गर्ने परिपाटी विद्यमान रहेको उनले बताए । मन्त्री तामाङले टुक्रे योजना धेरै हुँदा प्रशासनिक खर्च बढ्ने तर, प्रतिफल नआउने उल्लेख गरे । प्रदेश विकासको लक्ष्य पूरा गर्न सकिने गरी योजना तर्जुमा गर्नुपर्ने उनको भनाई छ ।

मन्त्री तामाङले चालुखर्च बढ्दै गए आगामी दिनमा प्रदेश सरकारले बजेट निर्माण गर्न नसक्ने बताए । उनले मन्त्रालयमा भइरहेका फजुल खर्चलाई घटाउनुपर्नेमा जोड दिए । मन्त्री तामाङले चालुखर्चलाई घटाउँदै पुँजीगत खर्च बढाउँदै लैजानुपर्ने आवश्यकता देखिएको बताए । प्रदेशसभाबाट पारित भएको संकल्प प्रस्तावकै आधारमा बजेट निर्देशिकाको ड्राफ्ट तयार गर्ने उनले बताए ।

# मूख्यमन्त्री कार्यालयमा समन्वय डेस्क स्थापना गर्ने निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति र स्थानीय तहबीच निरन्तर समन्वय र सहकार्यको लागि मुख्यमन्त्री कार्यालयमा समन्वय डेस्क स्थापना गर्ने निर्णय भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजनामा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेशसमितिबीच भएको अन्तरक्रियात्मक बैठकले मुख्यमन्त्री कार्यालयमा समन्वय डेस्क स्थापना गर्ने निर्णय गरिएको हो । बैठकले सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न प्रदेश सरकार, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका र ाष्ट्रिय महासंघ प्रदेश समितिबीच निरन्तर समन्वय र सहकार्य गर्ने निर्णय गरेको छ ।

बैठकले विभिन्न विषयमा माग राख्दै जेनजी पुस्ताले गरेको आन्दोलनका क्रममा घट्न गएको अप्रिय घटनाप्रति दु:ख व्यक्त गर्दै दिवंगत भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली एवम् परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ । बैठकले आन्दोलनका क्रममा घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उपचारका लागि यथाशीघ्र प्रभावकारी कदम चाल्न संघीय सरकारलाई आग्रह गर्दै घाइतेहरुको उपचारका लागि बागमती प्रदेश सरकारको तर्फबाट समेत आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

बैठकले आफ्ना मुद्दाहरुलाई शान्तिपूर्ण ढंगले संयमित भई राख्नका लागि सरोकारवाला सबै पक्षसँग बैठक आव्हान गर्ने निर्णय गरेको छ । बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार बुद्ध लामा, प्रमुखसचिव भुपाल बराल, प्रदेशसचिव रितेश शाक्य, जिसस महासंघ बागमती प्रदेश अध्यक्ष ललित घलान, नगरपालिका संघका प्रदेश संयोजक उपेन्द्र कार्की, गाउँपालिका महासंघका बागमती प्रदेश अध्यक्ष कर्णबहादुर मगरसहित तीनवटै संघ/महासंघका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# हेटौंडामा कञ्चनजंघाको लक्की ड्र, सन्जु विजेता

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ कञ्चनजंघा प्याकेजिङ एन्ड डिष्ट्रीब्युटर्स प्रालिले नेपालीको महान चाड विजया दशमीको अवसरमा घोषणा गरेको 'फ्रेस मसला फेस्टिवल प्याक' अन्तरगत पहिलो हप्ताको लक्की ड्र कार्यक्रम हेटौंडास्थित रोयल पार्टी प्यालेसमा सम्पन्न भएको छ ।

कार्यक्रम कम्पनीका प्रवन्धनिर्देशक आयुषकुमार डोटेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुखअतिथि जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, विशिष्टअतिथि हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट तथा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको सहभागीता रहेको थियो ।

लक्की ड्रमा सिरियल नम्बर राखिएको पाँचवटा भाँडोबाट क्रमश: अतिथि अधिकारी, रानाभाट, सिग्देल, घलान र सभाध्यक्ष डोटेलले कुपन तानेपछि विजयी ठहरिएको हो । कुपन प्राप्त गर्ने हेटौंडा-१ निवासी सन्जु मोक्तान विजेता बनिन् । उनले उपहारस्वरुप ३० केजीको खसी प्राप्त गरेका छन् जसलाई प्रवन्धनिर्देशक डोटेलले हस्तान्तरण गरे । प्रमुखअतिथि घलानले स्थानीय उत्पादन प्रयोग गरेर उद्योगलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।

उनले पारदर्शी लक्की ड्रले जनविश्वास बढाउने धारणा राखे । प्रवन्धनिर्देशक डोटेलले आगामी दिनमा टिकटक च्यालेन्ज घोषणा गर्दै फ्रेस मसला फेस्टिवल प्याक प्रयोग गरेर टिकटक भिडियो बनाएर सबैभन्दा बढी भ्युज र लाइक पाउने सहभागीले २०८४ असोज १५ गते हुने अन्तिम लक्की ड्रमा नगद १० हजार रुपैयाँ जित्ने अवसर पाउने बताए । दोस्रो हप्ताको लक्की ड्र यही भदौ २८ गते हुने आयोजकले जानकारी दिएको छ ।

## जरुरी सूचना !

देशमा ब्याप्त भ्रष्ट्राचारबिरुद्ध जेन-जी युवा समूहले सोमबार काठमाडौंमा प्रदर्शन गर्ने क्रममा भएको झडपमा घाइते भई काठामाडौंका बिभिन्न अस्पतालमा उपचाररत घाइतेका आफन्तजन बिरामी भेट्न जानुपर्ने महानुभावहरुले नारायणी यातायात ब्यवसायी संघमा सम्पर्क गरी हेटौंडा-बल्खु आउने र जाने सुमो टिकट नि:शुल्क लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

सरोजकुमार खनाल
महासचिव
**नारायणी यातायात व्यवसायी संघ**
**मुख्य कार्यालय हेटौंडा**

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा

## जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा पर्सा रौतहट लगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानी जन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन साथै गर्मि तथा बर्षायामसँगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ । झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) इन नदिन विभिन्न उपायहरु जस्तै: काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रो संग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडा लाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तै: दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिँगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ । याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जनस्वास्थ्य कार्यालय मकवानपुर सम्पर्क गरौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## सम्पूर्ण ब्राण्डका गाडी

## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना